# स्थानीय राजपत्र

## हुप्सेकोट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः१, हुप्सेकोट , श्रावण महिना , २५ गते शुक्रवार, २०७५ संख्याः२

### भाग-१

### हुप्सेकोट गाउँपालिका

नेपालको संविधान बमोजिम हुप्सेकोट गाउँ सभाले बनाएको तल उल्लेखित बमोजिमको स्थानीय शिक्षा ऐन सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावना**

**हरेक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको सम्वृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस स्थानीय तहको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा ५७ को उपदफा ४, धारा २२१ र २२६(१) अनुसूचि ८ को सूचि नं. ८, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २०, २१ तथा १०२, बमोजिम हुप्सेकोट गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको हो ।**

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

**क) यस ऐनको नाम 'स्थानीय शिक्षा ऐन २०७५ ' रहेको छ।**

**ख) यो ऐन हुप्सेकोट गाउँपालिका भर लागू हुनेछ।**

**ग) यो ऐन हुप्सेकोट गाउँसभाबाट पारित भई अध्यक्षबाट प्रमाणित भई गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ।**

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा**

**क) ' ऐन ' भन्नाले हुप्सेकोट गाउँपालिकाको शिक्षा ऐनलाई सम्झनुपर्छ।**

**ख) 'कार्यपालिका ' भन्नाले हुप्सेकोट गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्छ।**

**ग) "गाउँपालिका" भन्नाले हुप्सेकोट गाउँपालिकालाई सम्झनुपर्छ।**

**घ) "गाउँसभा" भन्नाले हुप्सेकोट गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ।**

**ङ) "प्रारम्भिक बाल शिक्षा " भन्नाले ४ वर्ष उमेर पूरा गरेका बालबालिकालाई १ वर्षको प्रारम्भिक वाल शिक्षा दिने विद्यालय सम्झनुपर्दछ।**

**च) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षादेखि कक्षा आठ सम्म दिइने शिक्षालाई सम्झनुपर्दछ।**

छ) **"समाबेशी शिक्षा"** भन्नाले दृष्टिबिहिन, न्यून दृष्टि, सुस्त श्रबण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्ग भएका बालबालिकालाई दिइने शिक्षा भन्ने बुझिन्छ । साथै सामाजिक आर्थिक वा भौगोलिक कारणले पछाडी पारिएका ब्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा भन्ने सम्झनु पर्दछ ।

ज) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा ९ देखि १२ सम्मलाई सम्झनुपर्नेछ।

झ) **"माध्यमिक विद्यालय"** भन्नाले कक्षा ९ देखि १२ सम्म पढाइ सञ्चालन हुने विद्यालयलाई सम्झनुपर्दछ।

ञ) **"विद्यालय शिक्षा"** भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्दछ।

ट) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति प्राप्त विद्यालयलाई सम्झनुपर्दछ।

ठ) **"संस्थागत विद्यालय"** भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले स्थापना गरेको अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनुपर्दछ।

ड) **"विद्यालय"** भन्नाले सार्वजनिक तथा निजि व्यवस्थापनका विद्यालयलाई सम्झनुपर्दछ।

ढ) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्ति/समुदाय वा संस्थाले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजि गुठी भन्ने सम्झनुपर्दछ।

ण) **"शिक्षा समन्वयकर्ता"** भन्नाले गाउँपालिकाले शैक्षिक सल्लाहकार भनि नियुक्त गरेको ब्यक्तिलाई सम्झनुपर्दछ।

त) **"प्रमुख"** भन्नाले हुप्सेकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ।

थ) **"प्रमुख प्रशासकीय अधिकृत "** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

द) **"गाउँ शिक्षा अधिकृत"** भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रशासनिक प्रमुख वा शिक्षा शाखाको सचिवको कामकाज गर्न तोकिएको व्यक्तिलाई सम्झनुपर्दछ।

ध) **"व्यवस्थापन समिति"** भन्नाले विद्यालयमा गठन हुने विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्दछ।

न) **"शिक्षक"** भन्नाले विद्यालयमा अध्यापन गर्ने शिक्षकलाई सम्झनुपर्दछ। सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

प) **"स्रोत शिक्षक"** भन्नाले हुप्सेकोट गाउँपालिकाबाट नियुक्त स्रोतशिक्षक सम्झनुपर्दछ।

फ) **"सरकार"** भन्नाले नेपाल सरकार वा संघीय, प्रदेश तथा स्थानीय सरकारलाई सम्झनुपर्दछ।

ब) **"शिक्षक महासंघ"** भन्नाले नियम ४९ बमोजिम गठित समितिलाई जनाउँछ ।

भ) ''**स्रोत व्यक्ति** '' भन्नाले संघीय सरकारबाट नियुक्त भई आएको शिक्षा हर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

**३. विद्यालयको तह :**

विद्यालयको तह दुई प्रकारको हुनेछन् :

क) आधारभूत तह : प्रारम्भिक बालकक्षा देखि कक्षा आठ सम्म अध्यापन हुने ।

ख) माध्यमिक तह : कक्षा ९ देखि १२ सम्म अध्यापन हुने ।

**४. माध्यमिक शिक्षाको प्रकार :**

माध्यमिक तहको शिक्षामा देहायका प्रकारहरु हुनेछन्:-

क) साधारण माध्यमिक शिक्षा

ख) संस्कृत माध्यमिक शिक्षा

ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा

**५. क . शिक्षाको माध्यम :**

१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ।

२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछन् :

अ) आधारभूत तह सम्म मातृभाषामा शिक्षा दिन सकिनेछ।

आ) भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषामा हुनेछ।

५ . ख. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :

१) विद्यालयले संघीय सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्नेछ।

२) विद्यालयले गाउँशिक्षा समितिबाट स्वीकृत पाठ्यपुस्तकहरु सबै कक्षामा लागू गर्नुपर्नेछ।

३) आधारभूत तह सम्मको शिक्षाको लागि स्थानीय आवश्यकतामा आधारित १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम गाउँशिक्षा समितिको निर्णय बमोजिम प्रयोगमा ल्याउन सक्नेछ ।

६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :

गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालनको लागि कार्यविधि निर्माण गरी व्यवस्था गर्न सक्नेछ।

७. विद्यालयको वर्गीकरण :

क) सामुदायिक विद्यालय

ख) संस्थागत विद्यालय

ग) गुठी विद्यालय

८. विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्ने :

कुनै पनि नेपाली नागरिक, समुदाय वा संस्थाले सामुदायिक विद्यालय, शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न तोकिएको विवरण सहित तोकिएको ढाँचामा नियम अनुसार गाउँपालिकामा निवेदन दिनु पर्नेछ। अन्य प्रक्रिया तोकेबमोजिम हुनेछ ।

**९. धरौटी सम्बन्धी व्यवस्था :**

शैक्षिक गुठी/संस्थागत अन्तर्गत विद्यालय खोल्ने अनुमति दिंदा विद्यालय सञ्चालनको सुरक्षण वापत देहाय बमोजिमको रकम धरौटीको रुपमा राख्नुपर्नेछः

क) माध्यमिक विद्यालयको लागि दशलाख रुपैँया,

ख) आधारभूत विद्यालयको लागि पाँचलाख रुपैँया,

ग) धरौटी वापतको रकम गाउँपालिकाले तोकेको बैंकमा विद्यालयको मुद्दती खातामा जम्मा गर्नुपर्नेछ।

**१०. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सम्बन्धी व्यवस्थाः**

प्राविधिक तथा व्यवसायिक तालिम सम्बन्धी विद्यालय वा कक्षा सञ्चालन सम्बन्धि व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**११. हुप्सेकोट गाउँकार्यपालिकाको शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार**

१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त हुप्सेकोट गाउँकार्यपालिकाको शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

क) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न गाउँ शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा समन्वयकर्ता, गाउँ शिक्षा अधिकृत, परीक्षा संयोजक तथा स्रोत शिक्षकलाई आवश्यक निर्देशन दिने,

ख) गाउँपालिका भित्र शैक्षिक गुणस्तर वृद्धिको लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने,

ग) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने,

घ) शिक्षा सम्बन्धी विभिन्न परियोजनाहरु स्वीकृत गर्ने,

ङ) गाउँपालिकाले सञ्चालन गर्न खोजेका विभिन्न शैक्षिक परियोजनाहरु सञ्चालन गर्नको लागि स्वदेशी तथा बिदेशी संस्थाहरुलाई अनुमति प्रदान गर्ने, विदेशी संस्थाको हकमा संघीय कानून अनुसार हुनेछ ।

च) गाउँपालिका भित्र सञ्चालित विद्यालयहरुमा आवश्यकता अनुसार प्रदेश तथा संघीय सरकारससँग दरबन्दी माग गर्ने ।

छ) गाउँपालिकाका माध्यमिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका सफल उद्योगी, व्यवसायी, वैज्ञानिक, विद्धान, कुशल प्रशासक, सफल किसान आदिलाई आमन्त्रण गरी उनीहरुमा त्यस्ता पेशा, व्यवसायप्रति प्रेरणा जगाउन शैक्षिक कार्यशालाको आयोजन गर्ने व्यवस्था मिलाउने,

ज) आवश्यकता अनुसार प्राविधिक शिक्षाको व्यवस्था मिलाउने ।

झ) मातृभाषामा शिक्षा प्रदान गर्न क्रमशः मातृभाषी शिक्षकको व्यवस्था गर्ने ।

ञ) आधारभूत तह सम्म अनिवार्य तथा निःशुल्क र मा.वि. तहमा निःशुल्क शिक्षा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

ट) विद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान गर्ने, विशेष अवसरमा शिक्षकहरुलाई पुरस्कृत गर्ने ।

ठ) गाउँ शिक्षा समितिबाट सिफारिस भई आएका विस्थापित शिक्षकलाई समायोजन वा पुनर्स्थापना गर्ने,

ड) समुदाययमा रहेका ज्ञान, सीप, हस्तान्तरण गर्न घुम्ती प्राविधिक शिक्षकको नियुक्ति गर्ने व्यवस्था मिलाउने ।

ढ) सामुदायिक विद्यालयमा कार्यरत शिक्षकले विद्यालय समय भन्दा अन्य समयमा विद्यालय देखि वाहिर काम गर्नको लागि विभागीय स्वीकृति मागेमा छानविन गरी स्वीकृती दिने ।

ण) तहगत र विषयगत योग्यता पुगेका शिक्षकहरुबाट अध्यापन गर्ने व्यवस्था मिलाउने।

त) गाउँपालिकाले विद्यालय सुधारको लागि आवश्यक अनुगमन ,मुल्याङ्कन र निर्देशन गर्नेछ ।

**१२. प्रशासकीय प्रमुखको काम, कर्तव्य र अधिकार :**

**स्थानीय तथा संघीय शिक्षा ऐन तथा कानुनमा लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

**क) शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्न गाउँपालिकाको समग्र शैक्षिक नीति, योजना, कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,**

**ख) गाउँ कार्यसम्पादन नियमावलीमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धी कार्य गर्ने,**

**ग) शैक्षिक समन्वयकर्ता तथा सहजकर्ताको भूमिका निर्वाह गर्ने,**

**घ) गाउँपालिकाले प्रत्योजन गरेका शिक्षासम्बन्धी कार्य गर्ने,**

**ङ) विद्यालयहरुको लेखापरीक्षणको व्यवस्था मिलाउने,**

**च) शिक्षा सम्बन्धी प्रस्तावहरु गाउँपालिकामा पेश गर्ने,**

**छ) यस ऐनमा तोकिएका अन्य कार्यहरु गर्ने,**

**१३. गाउँशिक्षा शाखा :**

**१) गाउँपालिकामा गाउँशिक्षा शाखा स्थापना हुनेछ ।**

**२) उपदफा १ बमोजिम स्थापना हुने गाउँशिक्षा शाखामा गाउँशिक्षा अधिकृत रहनेछ।**

**३) गाउँपालिकामा संघीय सरकारले खटाएको शिक्षा समूहको अधिकृत स्तरको कर्मचारी वा सामुदायिक विद्यालयका मा. वि. तहको स्थायी शिक्षकहरु मध्येबाट गाउँकार्यपालिकाको निर्णयानुसार गाउँशिक्षा अधिकृतको नियुक्ति गर्नेछ।**

**१४. गाउँ शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार :**

**यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त गाउँ शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

**क) गाउँपालिकाबाट स्वीकृत शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,**

**ख)** **शिक्षा सम्बन्धी गाउँ स्तरीय योजना कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्ने र स्वीकृत गरी कार्यान्वयन गर्ने, गराउने,**

**ग)** **अनौपचारिक शिक्षा, विशेष शिक्षा, शिक्षाको लागि खाद्य कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,**

**घ)** **सामुदायिक विद्यालयहरुको शैक्षिक तथ्याङ्क अद्यावधिक गर्ने तथा सोको विवरण शिक्षा समितिमा उपलब्ध गराउने,**

**ङ)** **लेखा परिक्षकको सूचिकृत गर्ने,**

**च)** **नियुक्ति वा बढुवाका लागि आयोगबाट सिफारिस भई आएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा नियुक्ति दिने,**

**छ)** **शिक्षक वा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरी त्यसको विवरण आयोगमा पठाउने,**

**ज)** **शिक्षकहरुको राजिनामा स्वीकृत गर्ने,**

**झ)** **अनिवार्य अवकाश हुने शिक्षकलाई कम्तिमा ६ महिना अगाडि जानकारी दिई समय पूरा भएपछि अवकाश पत्र दिने**

**ञ)** **निवृत्तीभरण पाउने शिक्षकलाई निवृत्तीभरणको लागि अनिवार्य अवकाश तथा राजिनामा स्वीकृत गर्ने,**

**ट)** **निवृत्तीभरण हुने शिक्षकलाई निवृत्तीभरण प्रयोजनको लागि शिक्षक किताव खानामा सिफारिस गर्ने,**

**१५. विद्यालय निरीक्षकको काम, कर्तव्य र अधिकार :**

**विद्यालय निरीक्षकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ**

**१५.क. स्रोत ब्यक्तिको काम, कर्तव्य र अधिकार :**

**क) स्रोत व्यक्तिको नियुक्ति संघीय ऐन अनुसार हुनेछ ।**

**ख) स्रोत ब्यक्तिको काम, कर्तव्य तथा अधिकार तोके अनुसार हुनेछ ।**

**१६. गाउँ शिक्षा समन्वयकर्ताको व्यवस्था**

१. गाउँपालिकाको शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई सल्लाह, सुझाव सहित सिफारिस गर्न एक शिक्षा समन्वयकर्ताको ब्यवस्था गरिनेछ ।

२. गाउँकार्यपालिकाले गाउँपालिकाको अध्यक्षको सिफारिसमा बढीमा ५ वर्षको लागि गाउँ शिक्षासमन्वयकर्ताको नियुक्ति गर्नेछ ।

३. गाउँशिक्षा समन्वयकर्ताको योग्यता :

क) नेपाली नागरिक,

ख) नेपाल सरकारको मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त,

ग) क्याम्पसमा उप–प्राध्यापक तहमा कम्तिमा ७ वर्ष अध्यापन गरेको वा सामुदायिक विद्यालयको माध्यमिक तहको शिक्षकको रुपमा कम्तिमा १० वर्ष अध्यापन गरेको वा नेपाल सरकारको अधिकृत स्तरको कर्मचारीको रुपमा कम्तिमा १० वर्ष काम गरेको

४. गाउँ शिक्षासमन्वयकर्ताको काम, कर्तव्य र अधिकार :

क) गाउँपालिकाको शैक्षिक सल्लाहकारको रुपमा काम गर्ने,

ख) गाउँपालिकाको समग्र शैक्षिक नीति, योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गराउन सिफारिस गर्ने ,

ग) विद्यालयहरुको निरीक्षण गर्ने ब्यवस्था मिलाउने,

घ) संघ, प्रदेश तथा स्थानीय तहद्धारा सञ्चालित कार्यक्रमहरुको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने,

ङ) विभिन्न परीक्षाहरु मर्यादित किसिमले सञ्चालन गर्ने व्यवस्था गर्ने, गराउने,

च) विद्यालयहरुमा आर्थिक पारदर्शिता तथा सुनिश्चितता कायम गर्ने वस्तुगत आधार तथा मापदण्ड वनाई कार्यान्वयन गराउने,

छ) प्राविधिक शिक्षा तथा सीपमूलक तालिम केन्द्रहरु सञ्चालन गर्ने व्यवस्था मिलाउने,

ज) यस ऐनमा तोकिएका तथा गाउँकार्यपालिकाले निर्धारण गरेका अन्य कार्यहरु गर्ने,

५. गाउँ शिक्षा समन्वयकर्ताको पारिश्रमिक तथा सुविधा गाउँकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

**१७. स्रोत शिक्षकको व्यवस्था :**

१) गाउँपालिका भित्र सीपमूलक प्राविधिक तालिम सञ्चालन गर्न, विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धिको लागि विभिन्न रचनात्मक कार्यहरु गर्न , विद्यालय र शिक्षकलाई आवश्यक सहयोग गर्न, शिक्षकहरुलाई प्रशिक्षण एवं तालिममा सहयोग गर्न गाउँपालिकाले स्रोत शिक्षकको व्यवस्था गर्न सक्नेछ।

२) गाउँपालिकाले स्रोत शिक्षक सिफारिस समितिको सिफारिस अनुसार स्रोत शिक्षकको नियुक्ति गर्नेछ।

३) स्रोत शिक्षकको योग्यता :

क) नेपाली नागरिक ,

ख) नेपाल सरकारको मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त,

ग) सामुदायिक विद्यालयको माध्यमिक तहको शिक्षकको रुपमा कम्तिमा ७ वर्ष अध्यापन गरेको ,

घ) २५ वर्ष पूरा भई ५५ वर्ष ननाघेको ,

४) उपदफा १ बमोजिम स्रोत शिक्षकको नियुक्तिको लागि गाउँ शिक्षा समितिको अध्यक्षले तोकेको शिक्षाविदको संयोजकत्वमा गाउँ शिक्षा समितिले तोकेको २ ( दुई) जना बिषयबिज्ञ- सदस्य रहेको एक समिति गठन हुनेछ। उक्तसमितिको प्रक्रियागत सिफारिसमा गाउँपालिकाले स्रोत शिक्षक नियुक्ति गर्नेछ।

५) स्रोत शिक्षकको काम, कर्तव्य र अधिकार यस ऐन, नियमावली तथा कार्यविधिमा उल्लेख भए बमोजिमका अतिरिक्त गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

६) स्रोत शिक्षकले माध्यमिक तहको शिक्षक सरहको तलब भत्ता तथा गाँउपालिकाले तोके बमोजिमको अन्य सुविधाहरु पाउनेछ।

**१८. गाउँशिक्षा समिति सम्बन्धी व्यवस्था :**

१) गाउँपालिकामा देहाय बमोजिमको एक गाउँ शिक्षा समिति रहनेछ :

क) गाउँपालिका अध्यक्ष – अध्यक्ष

ख) गाउँपालिकाले मनोनित २ जना – सदस्य

ग) गाउँपालिकाको सामाजिक समितिको संयोजक – सदस्य

घ) स्थानीय शिक्षा प्रेमी, समाजसेवी मध्ये बाट गाउँशिक्षा समितिबाट मनोनित १ महिला र १ दलित सहित २ जना – सदस्य

ङ) गाउँ शिक्षासमन्वयकर्ता – सदस्य

च) सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरुमध्येबाट गाउँपालिकाबाट मनोनित १ जना – सदस्य

छ) गाउँ शिक्षक महासंघ अध्यक्ष – सदस्य

ज) बि.ब्य.स. अध्यक्ष मध्येबाट गाउँ शिक्षा समितिले तोकेको १ जना – सदस्य

झ) गाउँ शिक्षा अधिकृत – सदस्य सचिव

२) गाउँ शिक्षा समितिको बैठक प्रत्येक महिनामा कम्तिमा एक पटक बस्नुपर्नेछ ।

३) गाउँ शिक्षा समितिको बैठक अध्यक्षको आदेश अनुसार सदस्य सचिवले बोलाउनेछ ।

४) गाउँ शिक्षा समितिको बैठक सामान्यतः अध्यक्षको अध्यक्षतामा बस्नेछ ।

५) समितिको बैठक भत्ता तथा सेवा सुविधा गाउँकार्यपालिकाबाट तोकेबमोजिम हुनेछ ।

६) गाउँ शिक्षा अधिकृतको अनुपस्थितिमा गाउँ शिक्षा समितिको अध्यक्षले अन्य सदस्य वा कर्मचारीलाई सदस्य सचिवको जिम्मेवारी तोक्न सक्नेछ ।

७) गाउँशिक्षा समितिले आफ्नो कार्य क्षेत्राधिकार भित्र रही उक्त समितिले काम गर्ने गरी आवश्यकतानुसार उपसमिति गठन गर्नेछ।

८) उपसमितिको बैठक, कार्यविधि र सेवा सुविधा गाउँ शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

९) उपदफा १ बमोजिम नियुक्त सदस्यले पदीय आचरण पूरा नगरेमा गाउँ कार्यपालिकाले हटाउन सक्नेछ। तर त्यसरी हटाउनु अघि मुनासीव माफिक स्पष्टीकरणको मौकाबाट बञ्चित गरिने छैन।

१९. यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने,

ख) गाउँपालिका भित्र विद्यालय सञ्चालनको लागि अनुमति, स्वीकृति दिने, विद्यालय बन्द गर्न, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी कार्यहरुको गाउँपालिकालाई आवश्यक सिफारिस गर्ने,

ग) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक, दुर तथा खुल्ला शिक्षा सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

घ) विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने,

ङ) स्वीकृत वा अनुमति कक्षा, विद्यार्थी सङ्ख्या र विषयगत आधारमा विद्यालयहरुमा आवश्यक दरवन्दी सङ्ख्या माग गर्न गाउँपालिकामा सिफारिस गर्ने,

च) शिक्षक, कर्मचारी र विद्यार्थी कल्याणका कार्यक्रम सञ्चालन गर्ने,

छ) विद्यालयहरुलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने,

ज) सुचिकृत लेखा परिक्षकमार्फत विद्यालयहरुको लेखा परीक्षण गराउन, लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने

झ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक निर्धारण गरी प्रगति मूल्याङ्कन गर्ने

ञ) विषय विशेषज्ञहरुको सूचि प्रकाशित गर्ने

ट) स्वीकृत वा अनुमति प्राप्त कक्षा, विद्यार्थी सङ्ख्या र विषयगत आधारमा सामुदायिक विद्यालय शिक्षक दरवन्दी मिलान गर्ने,

ठ) नेपालको संविधान २०७२ आश्विन ३ गते जारीहुँदा सम्म अध्यापन गरेका विस्थापित शिक्षकलाई रिक्त दरवन्दीमा समायोजन गर्नको लागि गाउँपालिकामा सिफारिस गर्ने,

ड) गाउँपालिकाले निर्धारण गरेको मानक सार्वजनिक गरी तदनुसार शिक्षक तथा कर्मचारीलाई कामको आधारमा प्रोत्साहन, नसियत दण्ड, कारवाही गर्ने, गराउने,

ढ) शैक्षिक गुठी/संस्थागत अन्तर्गत सञ्चालित हुने विद्यालयहरुको मापदण्ड बनाउने, सञ्चालनको स्वीकृति र अनुमतिको लागि आवश्यक राय सुझाव प्रदान गर्ने,

ण) विद्यालय गाभ्ने, सार्ने, नाम परिवर्तन गर्ने, तह थप गर्ने नीति तर्जुमा गरी गाउँपालिकामा पेश गर्ने,

त) विद्यालयहरुमा दिवा खाजाको व्यवस्था मिलाउने,

थ) विद्यालयहरुमा स्वीकृत पाठ्यक्रम पाठ्यपुस्तक लागू गर्ने व्यवस्था मिलाउने

द) विद्यालयको सिकाइ उलब्धि बृद्धिका लागि व्यवस्था मिलाउने

ध) संघीय तथा स्थानीय तहले तोकेबमोजिम सामुदायिक तथा संस्थागत विद्यालयलाई वर्गीकरण गर्ने,

२०. वडा शिक्षा समिति

१. वडा भित्रका विद्यालयहरुमा शिक्षा सम्बन्धि रेखदेख तथा समन्वय गर्ने देहाय बमोजिमको एक वडा शिक्षा समिति रहनेछ।

क) सम्बन्धीत वडाको वडा अध्यक्ष - संयोजक

ख) वडा समितिले तोकेको एक जना महिला सहित दुईजना - सदस्य

ग) प्रधानाध्यापक मध्येबाट वडा शिक्षा समितिले मनोनित एकजना - सदस्य

घ) स्थानीय शिक्षा प्रेमि, चन्दादाता मध्येबाट गाँउशिक्षा समितिबाट मनोनित दुईजना – सदस्य

ङ) वडा सचिव – सदस्य

च) स्रोत शिक्षक – सदस्य

छ) सम्बन्धित क्षेत्रको स्रोत व्यक्ति – सदस्य सचिव

२. वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछः

२१. विद्यालय व्यवस्थापन समिति :

१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

क) विद्यालयको अभिभावकले स्वयंम मध्ये छानी पठाएको दुई जना महिला सहित कम्तिमा ४ जना – सदस्य

ख) स्थानीय शिक्षाप्रेमी, चन्दादाता, संस्थापक मध्येबाट विद्यालय व्यवस्थापन समितिद्वारा मनोनित गरेको दुईजना – सदस्य

ग) गाउँ शिक्षा समितिले मनोनित गरेको – १ जना सदस्य

घ) विद्यालयका शिक्षकहरुले छानी पठाएको शिक्षक – १ जना सदस्य

ङ) विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव

ङ) गाँउ शिक्षा शाखा प्रतिनिधि – अमन्त्रित सदस्य

२) क) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा १ को खण्ड क, ख र ग मध्येका सदस्यहरुले आफू मध्येबाट छानी पठाएको व्यक्ति समितिको अध्यक्ष हुनेछ ।

३) उपदफा १ बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचारण गरेको नपाइएमा गाउँ शिक्षा समितिले विद्यालय व्यवस्थापन समिति विघटन गर्न वा जुनसुकै बखत सदस्य वा अध्यक्षलाई पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

४) उपदफा १ बमोजिम विद्यालय व्यवस्थापन समिति छनोट गर्नको लागि यो ऐन लागू भएको मिति देखि वा विद्यालय व्यवस्थापन समितिको पदावधि सकिएको दुई महिना भित्र प्र.अ. ले अभिभावक भेला बोलाई व्यवस्थापन समिति गठन गर्नुपर्नेछ।

५) व्यवस्थापन समितिको सदस्यको राजिनामा सो समितिका अध्यक्षले र अध्यक्षको राजिनामा गाउँ शिक्षा समितिले स्वीकृत गर्नेछ ।

६) व्यवस्थापन समितिको बैठकमा हुने छलफलको सूचि सदस्य–सचिवले साधारणतया ७२ घण्टा अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

७) व्यवस्थापन समितिको बैठक अध्यक्षको अनुपस्थितीमा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

८) सार्वजनिक निजी गुठी वा संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन गर्दा विद्यालयको संस्थापक वा लगानीकर्ताहरु मध्येबाट विद्यालयको सिफारिसमा गाउँशिक्षा समितिले मनोनित गरेको व्यक्ति अध्यक्ष र अन्य सदस्यहरु दफा २१ को उपदफा १ बमोजिम हुनेछ ।

९) प्राविधिक विद्यालय ब्यवस्थापन समिति नियम २१ को उपनियम १ बमोजिम हुनेछ । साथै उक्त समितिमा स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि सदस्य हुनेछ ।

२२. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नसक्ने : देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष वा सदस्य हुन सक्ने छैनन् :

क) गैर नेपाली नागरिक

ख) २५ वर्ष उमेर पूरा नभएको

ग) गाउँसभाका सदस्यहरु

घ) प्रचलित कानुन अनुसार अयोग्य

ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको

२३. विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः

विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

ख) विद्यालयको चलअचल सम्पतिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

ग) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाँउशिक्षा समितिलाई दिने,

घ) गाँउशिक्षा शाखाबाट खटि आएका शिक्षकलाई हाजिर गराई काममा लगाउने,

ङ) गाँउशिक्षा समितिले तोकिएको लेखापरीक्षणबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

च) विद्यालयमा रिक्त दरवन्दी तथा राहत अनुदान कोटामा शिक्षक छनौट गरि नियुक्तिको लागि शिक्षा समितिमा सिफारिस गर्ने ।

छ) विद्यालय व्यवस्थापन समितिका अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन्।

२४. शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्था :-

१) प्रत्येक विद्यालयका शिक्षक र अभिभावकहरु सदस्यहरु रहेको देहाय बमोजिम शिक्षक अभिभावक संघ रहनेछ :

क) अभिभावक भेलाबाट अभिभावकहरुले छानि पठाएको एकजना -अध्यक्ष

ख) अभिभावक भेलाबाट कम्तिमा एकजना महिला र दलित सहित ४ जना - सदस्य

ग) वडा शिक्षासमितिले सिफारीस गरेको प्रतिनिधि - सदस्य

घ) शिक्षकहरुले छानि पठाएको शिक्षक - सदस्य

२) उपदफा १ बमोजिम गठित समितिको पदावधि २ वर्षको हुनेछ ।

३) विद्यालयमा शिक्षाको गुणस्तर कायम गर्न आवश्यक पहल गर्नको लागि शिक्षक, विद्यार्थी र अभिभावक बीच अन्तरक्रिया गर्ने,

४) अभिभावक संघको काम, कर्तव्य र अधिकार तोकेबमोजिम हुनेछ ।

२५. सामाजिक परीक्षण समिति :-

१) प्रत्येक विद्यालयमा सामाजिक परीक्षण गर्नको लागि देहाय बमोजिम

सामाजिक परीक्षण समिति रहनेछ :

क) शिक्षक अभिवावक संघ अध्यक्ष - संयोजक

ख) शिक्षक अभिभावक संघले तोकेको लेखा सम्बन्धी जानकार व्यक्ति १ जना - सदस्य

ग) गाउँ शिक्षा समितिले तोकेको लेखा सम्बन्धी जानकार व्यक्ति एक जना - सदस्य

घ) विद्यालयको उच्चतम कक्षाको उत्कृष्ट विद्यार्थी एक जना - सदस्य

ङ) प्रधानाध्यापकले तोकेको शिक्षक - एक जना सदस्य

२) सामाजिक परीक्षण समितिको पदावधि २ वर्षको हुनेछ ।

३) उपदफा १ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) संघ, प्रदेश, गाउँपालिका तथा गाउँ शिक्षा समितिले तोकेको मापदण्ड अनुसार सामाजिक परीक्षण गर्ने,

ख) नेपाल सरकार, गाउँपालिका तथा यस ऐन अनुसारको ढाँचामा विद्यालयमा आर्थिक कारोवार तथा आर्थिक अभिलेख राखे, नराखेको परीक्षण गर्ने,

ग) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएका सुझाव तथा वेरुजु कार्यान्वयन भए नभएको हेर्ने, कार्यान्वयन नभएको भए कारण देखाई वि.व्य.स र गाउँकार्यपालिकामा जानकारी गराउने ।

घ) विद्यालयमा विद्यार्थी अभिलेख, भौतिक अभिलेख, शिक्षक कर्मचारी अभिलेखको अवस्था परीक्षण गर्ने,

ङ) गाउँ शिक्षा समितिले तोकेको सूचकहरुमा आधारित भई सामाजिक परीक्षण प्रतिवेदन तयार पार्ने,

च) सार्वजनिक खरिद ऐन अनुसार कार्य भए नभएको हेर्ने,

छ) विद्यालयहरुमा भौतिक संरचना निर्माण गर्दा प्रक्रियागत किसिमले निर्माण कार्य भए, नभएको, तोकिए अनुसार गुणस्तर भए , नभएको, सोको परीक्षण गर्ने,

ज) विद्यालयको भौतिक संरचना वा जग्गा, भाडामा दिंदा नियमअनुसार भए, नभएको हेर्ने ।

४) गाउँपालिका, गाउँ शिक्षा समिति तथा गाउँ शिक्षा शाखाले तोकेको अन्य कार्यहरु गर्ने,

२६. प्रधानाध्यापक सम्बन्धी व्यवस्था :-

१) प्रत्येक सामुदायिक विधालयमा विधालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम काज गर्न एक प्रधानाध्यापक रहनेछ।

२) प्रधानाध्यापक सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछः

क) सामुदायिक माध्यामिक विद्यालयको प्रधानाध्यापकको लागि स्नातकोत्तर उपाधि प्राप्त गरेको वरिष्ठ शिक्षकलाई बि.ब्य.स./ गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले प्रधानाध्यापकको रुपमा नियुक्ति गर्नेछ ।

ख) उपदफा २ क अनुसार नभएमा विद्यालयको मा.वि. तहको स्थायी, अस्थायी वा राहत दरवन्दीमा कार्यरत शिक्षक मध्ये बि.ब्य.स./गाउँशिक्षा समितिको सिफारिसमा गाउँपालिकाले प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ।

ग) उपदफा २ क, ख अनुसार पनि नभएमा आधारभुत तहमा स्थायी, अस्थायी वा राहत दरवन्दीमा रहेको स्नातकोत्तर योग्यता प्राप्त शिक्षक मध्ये बि.ब्य.स./गाउँशिक्षा समितिको सिफारिसमा गाउँपालिकाले प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ। तर स्नातकोत्तर योग्यता प्राप्त शिक्षक नभए स्नातक योग्यता प्राप्त शिक्षकलाई पनि मा.वि. तह ( कक्षा ९ र १०) सम्म सञ्चालित विद्यालयमा प्रधानाध्यापकको रुपमा नियुक्ति गर्न सकिनेछ।

घ) आधारभूत तह कक्षा ३ सम्म वा कक्षा ५ सम्म सञ्चालित विद्यालय भए कम्तिमा १२ कक्षा वा सो सरह उत्तीर्ण भएको आधारभूत तह कक्षा ८ सम्म सञ्चालित विद्यालय भए स्नातक तह वा सो सरह उर्त्तीण गरेको, आधारभुत तहको स्थायी शिक्षकको रुपमा कम्तिमा ५ वर्ष शिक्षण अनुभव भएको आधारभुत तहको माथिल्लो

**श्रेणीको वरिष्ठ शिक्षकलाई बि.ब्य.स./ गाउँशिक्षा समितिको सिफारिसमा गाउँपालिकाले प्रधानाध्यापकको रुपमा नियुक्ति गर्नेछ।**

**(१) दफा २ को उपदफा घ अनुसार नभएमा आधारभूत तहको स्थायी, अस्थायी वा राहत दरवन्दीमा रहेको ३ वा ५ कक्षा सञ्चालित विद्यालय भए कक्षा १२ वा सो सरह उत्तीर्ण भएको आधारभूत तह ८ कक्षा सञ्चालित विद्यालय भए स्नातक तह उत्तीर्ण शिक्षक मध्ये बि.ब्य.स./गाउँशिक्षा समितिको सिफारिसमा गाउँपालिकाले प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ।**

**३) उपदफा २ वमोजिम ५ वर्ष को लागी प्रधानाध्यापक नियुक्ति हुनु पूर्व निजबाट नियमावलीमा तोकिएवमोजिमको ढाँचामा विद्यालय विकास प्रस्ताव लिई गाउँपालिकासँग पञ्चवर्षीय कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेछ ।**

**४) एउटै सामुदायिक विद्यालयमा दुई कार्यकाल भन्दा बढी एकै व्यक्ति प्रधानाध्यापक हुन सक्ने छैन ।**

**५) दफा २६ को उपदफा २ मा प्रधानाध्यापक नियुक्ति गर्दा वि.व्य.स.ले उपनियम २ बमोजिम योग्यता पुगेका शिक्षकहरुबाट विद्यालय विकास प्रस्ताव लिई गाउँशिक्षा समितिमा बरिष्ठताको आधारमा कम्तीमा ३ जना शिक्षकलाई सिफारिस गर्ने ।**

**६) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई गाउँशिक्षा समितिको सिफारिसमा गाउँपालिकाले हटाउन सक्नेछः**

**(क) निजको आचरण खराब रहेमा,**

**(ख) ऐन विपरित कुनै काम गरेमा,**

**(ग) निजले कार्यसम्पादन करार सम्झौता बमोजिम काम गर्न नसकेमा वा निजको काम सन्तोषजनक नभएमा,**

**(घ) विद्यालयलाई हानिनोक्सानी पुऱ्याएमा,**

**(ङ) विद्यालयको चल अचल सम्पति हिनामिना गरेमा,**

**७) उपदफा २ बमोजिमको कुनै प्रधानाध्यापकलाई पदबाट हटाउनु पूर्व निजलाई सफाइ पेस गर्ने मौका दिइनेछ।**

**८) निमित्त प्रधानाध्यापक सम्बन्धी व्यवस्था तोकेबमोजिम हुनेछ ।**

**(९) शिक्षकको वरिष्ठता निर्धारण देहाय बमोजिम हुनेछः**

**(क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको आधार,**

**(ख) खण्ड क अनुसार बरिष्ठता नछुट्टिए अस्थायी शिक्षकहरुको हकमा अस्थायी नियुक्ति मिति वा राहत शिक्षकहरुको हकमा राहत नियुक्ति मिति वा सिफारिस योग्यता क्रमको आधार**

**२७. प्रधानाध्यापक (प्र.अ.) को काम कर्तव्य अधिकारः**

**प्रधानाध्यपकको काम कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछः**

**२८. सहायक प्रधानाध्यापकको व्यवस्था तोके वमोजिम हुनेछ ।**

**२९. सामुदायिक विद्यालयको शिक्षक नियुक्तिः**

**(१) सामुदायिक विद्यालयका रित्त दरबन्दीमा शिक्षक सेवा आयोगबाट नियुक्तिको लागी सिफारिस भएको उम्मेदवारलाई गाउँशिक्षा अधिकृतले सिफारिस प्राप्त भएको मितिले तीस दिन भित्र नियुक्ति दिनुपर्नेछ, त्यसरी नियुक्ति पाएको शिक्षकले नियुक्ति पत्र बुझेको मितिले १५ दिन भित्र हाजिर हुनुपर्नेछ।**

**(२) उपदफा १ बमोजिम नियुक्ति पाएको शिक्षकले नियुक्ति पाएको मितिले तीन महिना भित्र तोकिएको ढाँचामा वैयक्तिक विवरण फारम भरि गाउँशिक्षा कार्यालयमा पठाउनु पर्नेछ त्यसरी प्राप्त भएको फाराम गाउँशिक्षा कार्यालयले प्रमाणित गरी शिक्षक किताव खानामा पठाउनु पर्नेछ ।**

**३०. परीक्षणकाल :**

**दफा २९ (१) बमोजिम शिक्षक नियुक्ति गर्दा महिला शिक्षकको हकमा ६ महिना र पुरुष शिक्षकको हकमा एक वर्षको परीक्षणकाल रहने गरि नियुक्ति गरिनेछ । परीक्षणकालमा काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले सेवाबाट हटाउन सक्नेछ।**

**३१. दरवन्दी मिलान :**

**गाउँ शिक्षा समितिले विद्यालयमा तहगत स्वीकृत वा अनुमति प्राप्त कक्षा, विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक विधार्थी अनुपात मिलाउन, कम तथा बढी दरबन्दी भएको विद्यालयबाट दरवन्दी मिलाउने कार्य मापदण्ड बनाई गर्नेछ । आवश्यकता अनुसार गाउँ शिक्षा समितिले दरवन्दी मिलान उप–समिति पनि गठन गर्न सक्नेछ ।**

**३२. शिक्षक तथा कर्मचारी छनौट समितिः–**

**(१) सामुदायिक विद्यालयमा रिक्त दरवन्दी वा अनुदान कोटामा वा अनुदान करार वा करारमा शिक्षक वा कर्मचारीको नियुक्तिको लागी एक अवधिको करारको लागि सिफारिस गर्न विद्यालयमा देहाय बमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछः**

**(क) वि.व्य.स. अध्यक्ष – संयोजक**

**(ख) गाउँशिक्षा शाखाको प्रतिनिधि – सदस्य**

**(ग) गाउँपालिकाले तोकेको विषयविज्ञ २ जना – सदस्य**

**(घ) विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव**

**(२) छनौट समितिको पारिश्रमिक गाउँ शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ।**

**(३) छनौट समितिले विद्यालयमा रिक्त दरबन्दी वा अनुदानमा करारमा शिक्षक वा कर्मचारी नियुक्ति गर्नु पूर्व शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचिमा भएका उमेद्वारले शिक्षकपदमा नियुक्ति हुन निवेदन दिएमा उक्त सूचीमा सूचिकृत उमेद्वारहरुलाई योग्यता क्रमहेरी पहिलो उम्मेद्वारलाई गाउँ शिक्षा समितिमा सिफारिस गर्नेछ र गाउँ शिक्षा समितिको निर्णय बमोजिम गाउँ शिक्षा अधिकृतले नियुक्ति दिइनेछ। यदि उक्त सूचीमा सूचीकृित उमेदवारले निवेदन नदिएमा शिक्षक वा कर्मचारी छनौटका लागी आवश्यक प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।**

**(४) विद्यालयमा रित्त रहेका वि.व्य.स को निर्णय अनुसार जानकारी गराएका दरवन्दीहरुमा पदपुर्तीका लागि शिक्षक छनौट समितिले आवश्यकता अनुसार विषयगत**

**र तहगत विज्ञापन गर्नुपर्नेछ । सो विज्ञापन कम्तिमा १५ दिनको हुनुपर्नेछ। राष्ट्रिय दैनिक पत्रिकामा तथा स्थानीय सञ्चार माध्यममा विज्ञापन प्रकाशित गर्नुपर्नेछ। छनौटका अन्य प्रक्रिया शिक्षक सेवा आयोग तथा लोकसेवा आयोगले निर्धारण गरेको मापदण्ड अनुसार हुनेछ ।**

**(५) शिक्षक छनोट समितिले लिखित तथा अन्तरवार्ता परीक्षाको नतिजाको आधारमा सफल उमेद्‌वारहरुको योग्यता क्रम सूचि प्रकाशित गर्नुपर्नेछ। विद्यालयमा रिक्त दरवन्दीमा सोहि सूचिबाट सिफारिस क्रमका आधारमा नियुक्तिको लागी गाउँशिक्षा शाखामा सिफारिस गर्नेछ। गाउँ शिक्षा अधिकृतले गाउँ शिक्षा समितिको निर्णय बमोजिम शिक्षक वा कर्मचारीलाई करारमा नियुक्ति दिनेछ।**

**(६) विद्यालयको स्रोतबाट नियुक्त शिक्षकका लागि कम्तिमा ७ दिनको विज्ञापन गरी तोकेअनुसारको प्रक्रिया पुरा गरि वि.व्य.स ले शिक्षक नियुक्ति गर्नेछ । त्यसरी नियुक्त शिक्षकलाई विद्यालयले नियम अनुसार सेवा सुविधा उपलब्ध गराउनुपर्नेछ ।**

**(७) अस्थायी वा करार शिक्षकको ६/६ महिनामा विद्यालयको वि. व्य. स. को सिफारिसमा गाउँ शिक्षा समितिबाट म्याद थप गर्नेछ ।**

**३३. शिक्षकको सरुवा सम्बन्धी व्यवस्था :-**

**१) सरुवा हुन चाहने शिक्षकले तोकिए बमोजिमको फाराम भरी गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।**

**२) उपदफा १ बमोजिम निबेदन प्राप्त भएमा गाउँ शिक्षा अधिकृतले गाउँ शिक्षा समितिको निर्णय बमोजिम दरवन्दी रिक्त र विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई सरुवा गर्न सक्नेछ ।**

**३) उपदफा १ र २ मा जुन सुकै कुरा लेखिएको भएतापनि एउटै विद्यालयमा ५ बर्ष अवधी पुरा गरेको स्थायी, अस्थायी, राहत तथा करार शिक्षकलाई मापदण्डको आधारमा गाउँ शिक्षा समितिको निर्णय बमोजिम गाउँ शिक्षा अधिकृतले गाउँपालिका भित्र सरुवा गर्न सक्नेछ ।**

४) दरवन्दी मिलान गर्दा वा विशेष परिस्थितिका कारण कुनै शिक्षकलाई सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकलाई कारण खुलाई गाउँपालिकाले सरुवा गर्न सक्नेछ ।

३४. अन्तर स्थानीय तह शिक्षक सरुवा सम्बन्धमा :

१) स्थानीय तह तथा विद्यालयहरुको सहमति सहित सरुवा हुन चाहेको शिक्षकले तोकेको ढाँचामा गाउँशिक्षा समितिमा निवेदन दिनु पर्ने छ।

२) उपदफा १ बमोजिमको निवेदन दिने शिक्षकलाई गाउँशिक्षा समितिको सहमतिमा गाउँपालिकाले सरुवा गर्नेछ ।

३५. अनिवार्य अवकाश :

१) कुनै शिक्षक तथा कर्मचारीको उमेर ६० वर्ष पूरा भएपछि निजलाई विद्यालयको सेवाबाट अवकाश दिइनेछ।

२) उमेरका कारण अनिवार्य अवकाश प्राप्त शिक्षक वा कर्मचारीलाई पुनः विद्यालयस्रोतबाट तलव खाने गरी काममा लगाउन पाइने छैन।

३) उमेरका कारण अवकाश प्राप्त शिक्षक वा कर्मचारीलाई संघीय सरकार, प्रदेश तथा स्थानीय सरकारले विशेष जिम्मेवारी दिई अति आवश्यक परेको खण्डमा काममा लगाउन सक्नेछ ।

३६. अवकाश सम्बन्धी विशेष व्यवस्था :

अवकाश सम्बन्धी विशेष व्यवस्था संघीय कानुनमा व्यवस्था भए बमोजिम हुने छ ।

३७. परीक्षा समन्वय समिति :

(१) गाउँपालिकाको विद्यालयहरुमा परीक्षा संचालन तथा समन्वयको लागि देहायको एक परीक्षा संचालन तथा समन्वय समिति रहनेछ ।

(क) गाउँ शिक्षा समितिको अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) गाउँ शिक्षा समन्वयकर्ता - सदस्य

(ङ) शिक्षक महासंघ अध्यक्ष वा प्रतिनिधी - सदस्य

(च) शिक्षकका गाउँ स्तरीय प्रत्येक पेशागत संघसंस्थाका अध्यक्ष वा प्रतिनिधि - सदस्य

(छ) हुप्सेकोट गाँउपालिकामा रहेको प्रहरी कार्यालयका प्रमुख - सदस्य

(ज) हुप्सेकोट गाँउपालिकामा रहेको शसस्त्र प्रहरी बलका प्रमुख- सदस्य

झ) स्रोत शिक्षक वा स्रोतव्यक्ति - सदस्य

(ञ) गाउँशिक्षा अधिकृत - सदस्यसचिव

(२) परीक्षा संचालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) हुप्सेकोट गाँउपालिकाको क्षेत्राधिकार वाहिरको शैक्षिक तहको परीक्षा संचालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था वमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(४) गाउँपालिका भित्रका विद्यालयहरुमा सञ्चानल हुने परीक्षा गाउँपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम गर्न परीक्षा समन्वय समितिले विद्यालयहरुलाई निर्देशन गर्नेछ ।

३८. गाउँपरीक्षा समिति :

(१) गाउँपालिकाको विद्यालयहरुमा आधारभूत तहको अन्तमा लिइने परीक्षा एवम् अन्य परीक्षालाई व्यवस्थित एवं मर्यादित ढँगले सञ्चालन गर्न का लागि देहायको एक गाउँपरीक्षा समिति रहनेछः

(क) गाउँशिक्षा अधिकृत - संयोजक

(ख) स्रोत व्यक्ति - सदस्य

(ग) गाउँशिक्षा समितिको अध्यक्षले तोकेको एकजना शिक्षाविद् -सदस्य

(घ) प्रधानाध्यापकहरु मध्येबाट गाउँशिक्षा समितिबाट मनोनित - २ जना सदस्य

(ङ) विद्यालयहरुमा अध्यापनरत शिक्षकहरुमध्ये गाउँशिक्षा समितिले तोकेका २ जना शिक्षकहरु - सदस्य

(२) गाउँपरीक्षा समितिको पदावधी दुई वर्षको हुनेछ बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) हुप्सेकोट गाँउपालिकाको क्षेत्रधिकार वाहिरको शैक्षिक तहको परीक्षा संचालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था वमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(४) गाउँपरीक्षा समितिले आवश्यकता अनुसार विभिन्न परीक्षा उपसमिति गठन गरी परीक्षालाई मर्यादित किसिमले सञ्चालन गर्न सक्नेछ।

(५) गाउँपरीक्षा समितिको काम, कर्तव्य र अधिकार गाउँशिक्षा समितिले तोकेबमोजिम हुनेछ।

३९. संस्थागत विद्यालयले परीक्षा सहायता बराबरको रकम जम्मा गर्नुपर्ने :

संस्थागत विद्यालयले परीक्षा सहायता बराबरको रकम तोकिए वमोजिम परीक्षा सहायता कोषमा जम्मा गर्नु पर्नेछ ।

४०. परीक्षा सम्वन्धी अन्य व्यवस्थाः

(१) गाउँपालिका भित्रका विद्यालयहरुले मासिक , त्रैमासिक , अर्धवार्षिक र वार्षिक परीक्षा सञ्चालन एवं व्यवस्थापन गर्ने प्रयोजनका लागि प्र.अ. वैठकको निर्णय अनुसार परीक्षा उपसमिति गठन गरी परीक्षा व्यवस्थापन गरिने छ ।

(२) परीक्षा सम्वन्धी अन्य व्यवस्था गर्न परीक्षा समन्वय समितिले छुट्टै कार्यविधी वनाएर लागु गर्न सक्नेछ ।

४१. गाउँ शिक्षा विकास कोषः

१) गाउँपालिका भित्र सञ्चालनमा रहेका विद्यालयहरुलाई ब्यवस्थित गर्न , निःशुल्क र अनिवार्य शिक्षालाई कार्यान्वयन गर्न गाउँ शिक्षा विकास कोष रहनेछ । उक्त कोषमा देहायका रकमहरु रहनेछन् ।

क) संघ, प्रदेश र स्थानीय सरकारबाट प्राप्त रकम

ख) विभिन्न संघ संस्था र चन्दादाताहरुवाट प्राप्त रकम

ग) सामुदायिक वनहरुवाट प्राप्त रकम

**घ) विविध श्रोतबाट प्राप्त रकम**

**२) यस कोषको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।**

**४१.क. विद्यालय संचालन सम्बन्धी संचित कोषको व्यवस्था :**

**(१) प्रत्येक विद्यालयमा विद्यालयको सम्पूर्ण आम्दानीहरु जम्मा गर्ने गरी एक विद्यालय संचालन कोष रहनेछ ।**

**(२) विद्यालयले संचालन कोषमा जम्मा भएको रकम व्यवस्थापन समितिको निर्णय बमोजिम खर्च गर्नु पर्नेछ ।**

**(३) विद्यालय संचालन कोषको सञ्चालन व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकको संयुक्त दस्तखतबाट हुनेछ ।**

**(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि माध्यमिक विद्यालय संचालन कोषको सञ्चालन प्रधानाध्यापक र लेखासम्बन्धी कामगर्ने कर्मचारीको संयुक्त दस्तखतबाट गरिनेछ ।**

**(५) विद्यालय संचालन कोषको हिसाब–किताब लेखा राख्ने, बेरुजु फछ्र्योट गर्ने काम प्रधानाध्यापक र लेखा सम्बन्धी काम गर्ने कर्मचारीको हुनेछ ।**

**(६) विद्यालयको कार्य सञ्चालनको लागि विद्यालय संचालन कोषको रकम गाउँशिक्षा शाखाले तोकिदिएको कम्तिमा 'ख' वर्गको बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।**

**(७) विद्यालयको सम्पूर्ण खर्च विद्यालय संचालन कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।**

**४२. शिक्षक तथा कर्मचारीको तलब, भत्ता सम्बन्धी व्यवस्थाः**

**शिक्षक तथा कर्मचारीको तलब, भत्ता र अन्य सुविधा संघीय कानून अनुसार हुनेछ ।**

**४३. शिक्षक तथा कर्मचारीका निवृत्तिभरण, उपदान, सञ्चयकोष सम्बन्धी व्यवस्था :**

शिक्षक तथा कर्मचारीका निवृत्तिभरण, उपदान, सञ्चयकोष, चाडपर्व खर्च, उपचार खर्च र अन्य व्यवस्था संघीय कानून अनुसार हुनेछ ।

**४४. शिक्षक तथा कर्मचारीको सजाय सम्बन्धी व्यवस्थाः**

शिक्षक तथा कर्मचारीको सजाय सम्बन्धी व्यवस्था संघीय कानूनले तोकेको मापदण्ड अनुसार हुनेछ ।

**४५. विद्यालयको वर्गिकरण सम्बन्धी ब्यवस्थाः**

विद्यालयको वर्गिकरण संघीय कानूनले तोकेको मापदण्ड अनुसार हुनेछ ।

**४६. शिक्षकहरुको वृत्ति विकास सम्बन्धी ब्यवस्था :**

शिक्षकहरुको वृत्ति विकासको लागि प्रत्येक तहका सामुदायिक विद्यालयका शिक्षकहरुलाई प्रथम, द्धितीय र तृतीय श्रेणीमा विभाजन संघीय कानुन अनुसार हुनेछ ।

**४७. शिक्षकको पद सङ्ख्या र श्रेणी विभाजन सम्बन्धी ब्यवस्था :**

शिक्षकको पद सङ्ख्या र श्रेणी विभाजन संघीय कानूनले तोकेअनुसार हुनेछ।

**४८. अस्थायी/करार/राहत शिक्षक सम्बन्धी ब्यवस्था :**

अस्थायी/करार/राहत शिक्षक सम्बन्धी ब्यवस्था संघीय कानून अनुसार हुनेछ।

**४९. शिक्षक महासंघ सम्बन्धी व्यवस्था :**

१) सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको पेशागत हकहितको संरक्षण गर्नकोलागि गाउँपालिकामा एउटा शिक्षक महासंघ गठन हुनेछ।

२) शिक्षक महासंघको गठन तोके वमोजिम हुनेछ ।

३) शिक्षक महासंघका पदाधिकारीहरुको व्यवस्था शिक्षक महासंघको विधानमा व्यवस्था भए बमोजिम हनेछ।

४) शिक्षक महासंघको विधान बनाई नियमानुसार दर्ता गर्नुपर्नेछ।

५) शिक्षक महासंघको काम, कर्तव्य र अधिकार सघं तथा स्थानीय कानूनमा तोकेबमोजिम हुनेछ। साथै शिक्षक महासंघको विधानमा व्यवस्था गरेबमोजिम हुनेछ।

५0. शिक्षक वा कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउने :

विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय सञ्चालन गर्न, लगानी गर्न वा व्यवस्थापन सम्बन्धि कुनै कार्य गर्न पाउने छैन।

५१. दण्ड सजाय :

१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी तोकेबमोजिम सजाय हुनेछः

क) उत्तरपुस्तिका परीक्षण गर्दा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

ख) परीक्षा केन्द्रमा स्वीकृत नलिई प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

ग) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

घ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम परामर्श सेवा, व्रिज कोर्ष, भाषा शिक्षण कक्षा, कोचिङ् कक्षा, पूर्व तयारी कक्षा आदि सञ्चालन गरेमा,

३) विद्यालयको शिक्षक वा कर्मचारी उपर अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी मुद्दा दायर भएको मिति देखि निलम्वन हुनेछ।

५२. पुनरावेदन :

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ।

**५३. नियम बनाउने अधिकार :**

**१) यस ऐनको उद्धेश्य कार्यान्वयन गर्न गाउँकार्यपालिकाले आवश्यक नियम, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।**

**२) प्रत्येक विद्यालयले आफ्नो कार्यलाई व्यस्थापन गर्न कार्यविधि निर्माण गरी गाउँपालिकाबाट स्विकृत गराउनु पर्नेछ ।**

**५४. संक्रमणकालिन व्यवस्था :**

**यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।**

**५५. बचाउ र लागू नहुने :**

**१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानूनबमोजिम हुनेछ।**

**२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना–मिनाहा गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन अन्तर्गत कारवाही चलाउन वाधा पर्ने छैन।**

**३) नेपालको संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछ ।**

**५६. विद्यालयलाई छुट र सुविधा :**

**सामुदायिक विद्यालय र शैक्षिक गुठीका रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित वा रजिष्ट्रेशन गर्दा दिइने छुट र सुविधा प्रचलित कानुन तथा तोकिए बमोजिम हुनेछ।**

**५७. अनौपचारिक शिक्षा, दुर शिक्षा, समावेशी शिक्षा, निरन्तर शिक्षा, खुला शिक्षा तथा बैकल्पिक शिक्षाका कार्यक्रमको व्यवस्था यस नियममा उल्लेखित शैक्षिक कार्यक्रमको संचालन कार्यपालिकाले मन्त्रालयवाट भएको व्यवस्थासँग तादाम्यता कायम हुने गरी आवश्यक कायविधि वनाई लागु गर्नेछ ।**

**५८. जिम्मेवारी तथा जवाफदेहिता :**

(१) प्रधानाध्यापक गाउपालिका, गाउँ शिक्षा समिति, बि.व्य.स.,अभिभावक एवं विद्यार्थीप्रति जिम्मेवार र जवाफदेही हुनुपर्नेछ।

२) प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षाकोलागि प्रधानाध्यापकले गाउँशिक्षा समिति र विद्यालय व्यवस्थापन समितिसँग कार्यसम्पादन करार गर्नुपर्नेछ ।

३) शिक्षक एवं कर्मचारी प्रधानाध्यापकप्रति जिम्मेवार र जवाफदेही हुनेछन । निजहस्ले गुणस्तरीय शिक्षाका लागि गाउँकार्यपालिका, गाउँशिक्षा समिति र गाउँशिक्षा अधिकृतले प्रधानाध्यापक मार्फत प्रचलित कानून बमोजिम दिएका निर्देशन पालना गर्नु पर्नेछ। अपेक्षित शैक्षिक उपलव्धिका लागि शिक्षकहरुले प्रधानाध्यापकसँग कार्यसम्पादन करार गर्नुपर्नेछ।

४) शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्न गाउ कार्यपालिकाले प्रत्येक विद्यालयका लागि निश्चित भौगोलिक क्षेत्रलाई सेवा क्षेत्रको रुपमा तोकिदिन सक्नेछ । त्यस्तो भौगोलिक क्षेत्र भित्रका टुहुरा, अलपत्र परेका र बेसाहारा तथा अति विपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छोडेका बालवालिकालाई छात्रबृत्ति वा विशेष व्यवस्था गरी वा निजका अभिभावक वा संरक्षकलाई सघाई वालवालिकालाई विद्यालयमा ल्याउनु गाउँपालिका, गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको जिम्मेवारी हुनेछ । विद्यार्थीलाई अपेक्षित शैक्षिक उपलव्धि हासिल हुने गरी सिकाउने र टिकाउने दायित्व प्रधानाध्यापक र शिक्षकहरुको हुनेछ ।

५) कुनै अभिभावकले विद्यालय जाने उमेरका वालबालिकालाई विद्यालय पठाउन अटेर गरेमा निजलाई गाउपालिकाबाट प्रदान गरिने सेवा सुविधाहरुबाट बन्चित गर्न सकिनेछ ।

**५९. संरक्षकको भूमिका :**

गाउँपालिका अध्यक्षले गाउँपालिका भित्रका विद्यालयहरुको संरक्षकको रुपमा गुणस्तरीय शिक्षाका लागि कार्य गर्नु गराउनुपर्नेछ ।

**६०. बाधा अड्काउ फुकाउ अधिकार :**

**यस ऐनमा उल्लेखित कुराहरुको वाधा अड्काउ फुकाउको अधिकार हुप्सेकोट गाँउकार्यपालिकालाई हुनेछ । हुप्सेकोट गाँउपालिकाको प्रचलित ऐन तथा नियमावलीले व्यवस्थापन गरेको हकमा वाहेक यस ऐन अनुसार गरेको कामको सम्वन्धमा हुप्सेकोट गाँउसभाले गरेको निर्णय अन्तिम हुनेछ ।**

****

प्रमाणीकरण मिति : २०७५/०४/११

आज्ञाले

छत्र बहादुर अधिकारी

प्रमुख प्रशासकीय अधिकृत